बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

बिसौं नगरसभाबाट कार्यसूचीका आधारमा देहाय अनुसारका निर्णयहरु सर्वसम्मत रुपमा पारित गरिएको छ ।

नगरसभाको बैठक मिति २०८३ असार १० गते

निर्णय नं. १

बीसौं नगरसभाको बैठकमा नगरप्रमुख श्री महेश थपलियाज्यूबाट आर्थिक वर्ष २०८३/०८४ का लागि मिति २०८३ असार १० गते प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम धन्यवाद सहित पारित गर्ने।

निर्णय नं. २

बीसौं नगरसभाको बैठकमा नगर उपप्रमुख श्री महेश्वरा श्रेष्ठ बज्राचार्यज्यूले मिति २०८३ असार १० गते प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को आय व्यय विवरण धन्यवाद सहित पारित गर्ने।

निर्णय नं. ३

बीसौं नगरसभाको बैठकमा खाँदबारी नगरपालिकाको न्यायिक समितिद्वारा आ.व. २०८२।०८३ मा सम्पादन गरेका कार्यहरुको प्रतिवेदन आवश्यक छलफलद्वारा प्राप्त सुझावहरु पारित गर्ने।

निर्णय नं. ४

खाँदबारी नगरपालिकाको आ. व. २०८३।०८४ का लागि आन्तरिक राजस्व उठाउने सम्बन्धी विभिन्न ठेक्काहरु सम्बन्धमा नगरकार्यपालिकाको मिति २०८३/०३/१० को बैठकबाट भएको साविक अङ्कमा नबढाई ठेक्का व्यवस्थापन गर्नेसम्बन्धी निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ५

खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ का लागि विनियोजन भएको खर्च शीर्षक संशोधन सम्बन्धमा नगरकार्यपालिकाको बैठकबाट भएको निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नं. ६

खाँदबारी नगरपालिकाको नगरकार्यपालिका बैठकहरुबाट नगरसभामा पेस हुने भनी गरिएको सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने।

निर्णय नं. ७

नगरसभाले स्वीकृत गरेका भौतिक पूर्वाधारतर्फका आयोजना कार्यान्वयन गर्दा आयोजनाहरुमा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवाको कर तिरेको रसिद वा निस्सा पेस भएकोमा सोहीबमोजिम गर्ने र कर तिरेको रसिद वा निस्सा पेस नभएको सन्दर्भमा प्राविधिक नापजाँचका आधारमा उक्त नदीजन्य पदार्थ नगरपालिकाले उत्खनन् गर्नका

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

लागि प्रारम्भिक वातावरणीय अध्ययन गरेको स्थानबाट ल्याई प्रयोग भएको मानी सम्बन्धित आयोजनाको रकम भुक्तानी गर्दा नदीजन्य पदार्थको रकम कट्टा गरी विभाज्य कोषमा जम्मा गरेर बाँकी रकम भुक्तानी दिने भनी अघिल्लो आ. व. को कार्यपालिकाको बैठकबाट भएको निर्णयबमोजिम आ. व. २०८२।०८३ मा उक्त व्यवस्था कार्यान्वयनसम्बन्धमा गरिएका सम्पूर्ण कार्यहरु अनुमोदन गर्ने साथै आगामी आ.व. मा समेत उपरोक्त अनुसार कार्य गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ८

अठारौं र उन्नाईसौं नगरसभाबाट स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरू नियम अनुसार कार्यान्वयन भई कार्यपालिका/अनुगमन समितिबाट निर्णय भई आएका तथा नगरकार्यपालिकाको कार्यालयको शाखा/उपशाखाबाट आवश्यकताको आधारमा पेस भई स्वीकृत भएका विपद् व्यवस्थापन कोष, मर्मतसम्भार कोष, मेयर विविध कार्यक्रम, उपमेयर विविध कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको खर्च र सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त भई सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको हालसम्मको सम्पूर्ण खर्च समर्थन गर्ने।

निर्णय नं. ९

खाँदबारी नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र नगरकार्यपालिकाको बैठकले तयार गरेको श्रोत अनुमानसहित निर्धारण गरिएको बजेट सीमा अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको योजना तथा कार्यक्रमहरु सभामा छलफल गरी पारित गर्ने।

निर्णय नं. १०

यस नगरसभाको बैठकमा छलफलका लागि खाँदबारी नगरपालिकाको आर्थिक विधेयक, २०८३ माथि दफावार छलफल गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

निर्णय नं. ११

चालू आ व २०८२।०८३ मा नगरकार्यपालिका बैठकबाट गरिएको आवश्यकताका आधारमा नगरसभाबाट विनियोजित विभिन्न शीर्षकबाट गरिएको रकमान्तरसम्बन्धी सम्पूर्ण निर्णय अनुमोदन गर्ने।

निर्णय नं. १२

खाँदबारी नगरपालिकामा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुको कार्यसम्पादनको आधारमा आ.व.२०८३।०८४ का लागि करार अवधी थप गर्न कानूनबमोजिमको आवश्यक व्यवस्था मिलाउने र आ. व. २०८२।०८३ मा नगरपालिकाको आन्तरिक

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

आयबाट तलबभत्ता खर्च हुने गरी गरिएको करार/दैनिक ज्यालादारीमा नियुक्ति गरी कामकाज गराउँदा भएको खर्च अनुमोदन गर्ने।

निर्णय नं. १३

यस नगरपालिकामा कार्यरत सबै सेवा र समूहका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. १४

यस नगरसभामा छलफलका लागि प्रस्तुत भएको खाँदबारी नगरपालिकाको बिनियोजन विधेयक, २०८३ माथि दफावार छलफल गरी संशोधन सहित पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

निर्णय नं. १५

नगर उपप्रमुखज्यूको संयोजकत्वमा रहेको योजना अनुगमन तथा सुपरीवेक्षण समितिले चालू आर्थिक बर्षमा अनुगमन गरेका योजना तथा कार्यक्रम सहितको प्रतिवेदन आवश्यक छलफलद्वारा प्राप्त सुझावहरु सहित पारित गर्ने।

निर्णय नं. १६

खाँदबारी नगरक्षेत्रभित्रका अधिकांश सडकहरू हालसम्म पनि ब्यक्तिकै नाममा रहेकोले उक्त सडकहरु सार्वजनिक सडकको नाममा लगतकट्टा गराउने कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने।

निर्णय नं. १७

आ. व. २०८२/०८३ मा खाँदबारी नगरपालिकाको ११ वटै वडा कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि वडा समितिको निर्णयका आधारमा (प्रति वडा अधिकतम १० लाखसम्म) विनियोजन भई वडा सचिवहरुले पेश्की स्वरुप लिएको रकम र सो रकम खर्च गरी पेस गरेको बीलभरपाई (इन्धन, बैठक भत्ता, कार्यालय सञ्चालन खर्च, सञ्चार पत्रपत्रिका, सूचना, मर्मत लगायत शीर्षकमा) अनुसार भएको खर्चलाई अनुमोदन गर्ने।

निर्णय नं. १८

यस नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम अनुसार विस्तृत त्रैमासिक कार्यक्रम बनाई स्वीकृत गर्ने अधिकार नगरप्रमुखलाई प्रत्यायोजन गर्ने र स्वीकृत कार्यक्रमको मापदण्ड र प्रचलित नियम/कानुन बमोजिम प्रस्ताव स्वीकृत गरी कार्यान्वयन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने।

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

निर्णय नं. १९

खाँदबारी नगरपालिकाक्षेत्रभित्र नगरप्रमुख र उपप्रमुख संलग्न विभिन्न सार्वजनीक कार्यक्रमहरुमा सहभागी हुँदा प्रस्तुत भएका समस्याहरुमध्ये टोल तथा वडा भेलाले सम्वोधन गर्न छुट भएका र आकस्मिक रुपमा आईपर्ने विभिन्न पुर्वाधार तथा आर्थिक विकाससँग सम्वन्धित कार्यहरु स्थानीयस्तरको मागका आधारमा कार्यान्वयन गर्न मर्मतसम्भार कोष र नगरपालिकाको अन्य कोषमा रहेको आवश्यक वजेटको व्यवस्था गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने साथै नगर कार्यपालिकाले नगरप्रमुखलाई अधिकार प्रत्यायोजन गरेको निर्णयसम्बन्धी विषय र प्रत्यायोजित अधिकार अन्तर्गत नगर प्रमुखले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नं. २०

खाँदबारी नगरपालिकाको न्यायिक समिति अन्तर्गत रहेका मेलमिलापकर्ताहरुको सूचीकृतसम्बन्धी निर्णयलाई अनुमोदन गर्दै नियमानुसार म्याद थप गर्ने।

निर्णय नं. २१

खाँदबारी नगरपालिकाक्षेत्रको दिगो विकासका लागि अन्तरपालिकाहरुसँग रणनीतिक रुपमा साझेदारी गर्दै उपलब्ध श्रोतसाधन र बजेटको आधारमा संयुक्त आयोजना तथा कार्यक्रमहरु निर्धारण गरी कार्यान्वयन गर्ने।

निर्णय नं. २२

अर्को नगरसभाको बैठक नबसेसम्म नगरसभाको हैसियतबाट निर्णय गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. २३

यस नगरपालिकाको आ.व. २०८३।०८४ का लागि तपसिलको बजेट स्वीकृतिका लागि पेस गर्ने।

आ.व २०८२।०८३ को प्रस्तावित आय तथा व्ययको बजेट सीमा निर्धारण गरिएको विवरण

क्र.सं.	आय तर्फ	अनुमानित रकम रु.	क्र.सं.	व्यय तर्फ	अनुमानित रकम रु.
१	वित्तीय समानीकरण अनुदान सङ्घीय	१६३१०००००			
२	सङ्घीय सशर्त अनुदान (चालू+पूँजीगत)	३५७५०००००	१	सङ्घीय शसर्त अनुदान चालू+पूँजीगत	३५७५०००००
३	सङ्घीय समपुरक/विशेष अनुदान	१००००००	२	सङ्घीय+प्रदेश समपुरक अनुदान	२४९५८०००
४	सङ्घीय राजस्व बाँडफाँट	१०६०३३०००	३	प्रदेश शसर्त अनुदान	१५०००००

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

५	वित्तीय समानीकरण अनुदान प्रदेश	१६०२४०००	४	प्रति वडा ७५ लाखका दरले ११ वटा वडालाई	८२५०००००
६	राजस्व बाँडफाँट प्रदेश	९६५८०००	५	नगर प्रशासनिक खर्च (चालू+पूँजीगत)	१५२१०००००
७	कोशी प्रदेश शसर्त अनुदान (चालू+पूँजीगत)	२४९५५०००	६	नगर प्रशासनिक खर्च (चालू+पूँजीगत)	१५२१३३०००
८	प्रदेश समपुरक/विशेष अनुदान	८००००००	७	पूँजीगत/चालू कार्यक्रम समिति कोष दायित्व तथा अनिवार्य गर्नुपर्ने योजना तथा कार्यक्रम	९०१८२०००
९	आन्तरिक आय	३०००००००			
१०	स्थानीय राजस्व बाँडफाँट (घर जग्गा रजि.+दहत्तर बहत्तर)	१००००००			
११	नगद मौज्दात	१००००००			
	कुल आय जम्मा	७३५२७३०००		**कुल व्यय जम्मा**	७३५२७३०००

<u>निर्णय नं. २४</u>

सार्वजनिक लेखा समितीले पास गरी नगरकार्यपालिकामा पेस भएको आर्थिक वर्ष २०७६।०७७ २०७७।०७८ ०७८।०७० ०७९।८० ८०।८१ र ८१।०८२ को अन्तिम लेखापरीक्षणको रिपोर्टहरूको नियमित गर्ने प्रमाण पेस गर्ने प्रकृतिका वेरुजुहरू यस नगरसभाबाट अनुमोदन गरी सम्परीक्षणको लागि महालेखा परिक्षकको कार्यालयमा पठाउने ।

<u>निर्णय नं. २५</u>

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम तयार गरिएको खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ को मस्यौदामा तपसिल अनुसार संसोधन गरी पद दर्ताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश निजमति किताबखाना, कोशी प्रदेशमा पठाउने।

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।

तपसिलः

१. सब-इन्जिनियर (पाँचौ तह) सङ्ख्या ७ (सात) लाई घटाएर सङ्ख्या ५ (पाँच) कायम गर्ने।
२. अ.सब-इन्जिनियर (चौथो तह) सङ्ख्या ६ (छ) लाई बढाएर सङ्ख्या ८ (आठ) कायम गर्ने।

निर्णय नं. २६

खाँदबारी नगरपालिकाको सङ्गठन तथा व्यवुस्थापन सर्वेक्षण प्रतिवेदन-२०८३ मा कार्यबोझ विश्लेषणबाट थप स्वीकृत २ वटा असिष्टेन्ट सब-इन्जिनियर पदमा विगतबाट कामाकाज गर्दै आएका असिष्टेन्ट सब-इन्जिनियर द्वय श्री चुडामणि दाहाल र ईन्द्रकुमार राईलाई निरन्तर रुपमा सोही पदमा कामकाज लगाउने।

निर्णय नं. २७

खाँदबारी नगरपालिकाको आन्तरिक आम्दानीमा स्रोत परिचालनबाट उठ्ने चालू आ.व. मा अनुमान गरेको भन्दा बढी राजस्व प्राप्ति हुन गएको रकम र समपुरक कोषबाट बाँकी हुन आउने रकमबाट खाँदबारी कर्मचारी कल्याण कोषमा दोस्रो चौमासिक अगावै रु.३०,००,०००।—(अक्षरेपि तीस लाख मात्र।) जम्मा गर्ने। र आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रकमबाट रु. ७०,००,०००।—(अक्षरेपि सत्तरी लाख मात्र।) विनियोजन गर्ने।

निर्णय नं. २८

आर्थिक वर्ष २०८३।०८४ यस नगरपालिकामा क्षयरोग मुक्त अभियानका लागि सञ्चालन गरी कार्यक्रम कार्यान्वयनका लागि क्रियाकलापहरु सञ्चालन गर्ने।

निर्णय नं. २९

खाँदबारी नगरपालिकाको बिसौं नगर सभा सम्पन्न गर्ने प्रक्रियामा सल्लाह, सुझाव र सहयोग गर्ने सम्बद्ध सबै पक्षलाई धन्यवाद ज्ञापन गर्ने ।

बीसौं नगरसभाको बैठक यही अन्त्य गरियो ।

बिसौं नगर सभा अधिवेशन
बैठक सङ्ख्या १/२०८३
बैठक मितिः२०८३।०३।१०
स्थान- खाँदबारी नगरपालिकाको सभा हल ।